## प्रशिक्षक-प्रशिक्षण पारिश्रमिक तथा अन्य सेवा सुविधा सम्बन्धी कार्यविधि -२०७५

सात्पासिलिछो गाउँपालिका कार्यालय तथा मातहतका कार्यालयबाट सञ्चालन गरिने विभिन्न प्रकारका कार्यक्रम तथा गोष्ठी सञ्चालन गर्न सहजकर्ता तथा सहभागिहरुलाई पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलव्ध गराउनका लागि देहाय अनुसारको सेवा सुविधा पाउने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम प्रशिक्षक-प्रशिक्षण पारिश्रमिक कार्यविधि -२०७५ जारी गरिएको छ ।

### परिछेद् -१

### प्रारम्भीक

**ऐन भन्नाले** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई जनाउने छ ।

**कार्यविधि भन्नाले** : प्रशिक्षक-प्रशिक्षक पारिश्रमिक कार्यविधि २०७५ लाई जनाउनेछ ।

**पारिश्रमिक भन्नाले** : गोष्ठी तथा तामिम सञ्चालन गर्दा सहजीकरणको भुमिकामा रहेको व्यक्तिले पाउने पारिश्रमिक लाई जनाउछ ।

**अन्य सेवा सुविधा भन्नाले** : गोष्ठी तथा तालिममा सहभागिहरुको स्थानीय भत्ता, यातायात खर्च तथा तालिममा कार्यपत्र प्रस्तुत गर्ने व्यक्तिले पाउने सेवा सुविधालाई जनाउनेछ ।

परिछेद् -२

सेवा सुविधा

सात्पासिलिछो गाउँपालिकाको आयोजना तथा मातहतको कार्यालयको आयोजनामा भएको विभिन्न तालिम, गोष्ठी, तथा अभिमुखीकरण कार्यक्रममा सहभागिहरुले देहाय बमोजिमको सेवासुविधा पाउनेछन् ।

| क.सं. | कार्यक्रम तथा तालिम | पटक/दिन/सेसन | भत्ता तथा पारिश्रमिक | कैफियत |
|---|---|---|---|---|
| १ | तालिम प्रशिक्षक | प्रति सेसन | १२०० | नियमानुसार करकट्टी |
| २ | तालिम सह-प्रशिक्षक | प्रति सेसन | १००० | नियमानुसार करकट्टी |
| ३ | तालिम प्रशिक्षक | प्रति दिन | १८०० | नियमानुसार करकट्टी |
| ४ | तालिम सह-प्रशिक्षक | प्रति दिन | १५०० | नियमानुसार करकट्टी |
| ५ | तालिम सहजकर्ता | प्रति सेसन | ७०० | नियमानुसार करकट्टी |
| ६ | तालिम सहजकर्ता | प्रति दिन | १००० | नियमानुसार करकट्टी |
| ७ | तालिमको सहभागि | प्रति दिन | ५०० | स्थानीय यातायात खर्च बापत |
| ८ | अभिमुखीकरण कार्यक्रमका प्रक्षिक्षक तथा सह प्रशिक्षक | प्रति दिन | १५०० | नियमानुसार करकट्टी |
| ९ | अभिमूखीकरण कार्यक्रममा कार्यपत्र प्रस्तुकर्ता | प्रति पटक | २००० | नियमानुसार करकट्टी |
| १० | स्टेशनरी | प्रति व्यक्ति | १५० | |
| ११ | खाजा खर्च | प्रति व्यक्ति | २०० | |
| १२ | कार्यक्रम सहयोगी | प्रति दिन | १००० | नियमानुसार करकट्टी |
| १३ | कार्यक्रम सहयोगी | प्रति सेसन | ५०० | नियमानुसार करकट्टी |
| १४ | तालिमको सहभागि (निर्वाचित जनप्रतिनीधि तथा कर्मचारीहरुको हकमा) ५ दिन सम्मको सो भन्दा बढिको हकमा प्रतिदिन रु ५०० मा उपलव्ध गराइनेछ । | प्रति दिन | १००० | नियमानुसार करकट्टी |

### परिछेद् ३

### विविध

सात्पासिलिछो गाउँपालिकाको प्रशिक्षक-प्रशिक्षण पारिश्रमिक तथा अन्य सेवा सुविधा सम्बन्धी कार्यविधि -२०७५ गाउँकार्यपालिकाबाट पारित भएपछि लागु हुनेछ ।

साल्पासिलिछो गाउँपालिका